धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्धु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ३१ ◆ २०८३ साउन ३१ गते आइतबार, Sunday, August 16, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

## मिथिलाञ्चलमा आजदेखि झुलोनोत्सव सुरु

धनुषा ः मिथिलाञ्चलमा शनिबारदेखि झुलोनोत्सव (झुला) पर्व सुरु भएको छ ।

साउन शुक्ल तृतीयादेखि सुरु भई झुलोनोत्सव पूर्णिमासम्म जारी रहन्छ । झुलोनोत्सवमा मठमन्दिरमा सिंहासन निर्माण गरी सजाइएको गद्दीमा रामसीता सहित देवीदेउताका मूर्ति राखी झुलाउने परम्परा रहिआएको छ ।

मिथिलाको सांस्कृतिक पर्वका रूपमा चिनिने झुलोनोत्सवको सुरुआत सन्त परम्पराको प्रारम्भदेखि भएको पौराणिक मान्यता रहेको जानकी मन्दिरमा छोटे महन्थ रामरोसन दास वैष्णवले बताउनुभयो ।

सन्तहरूले खुला चउर वा रुखको छहारीमा बास बसी झोलामा ल्याएको शालिग्रामलाई आसनमा राखी झुलाएको जनविश्वासका आधारमा मिथिलामा अहिलेसम्म पनि झुला उत्सवलाई निकै महत्वका साथ हेर्ने गरिएको उहाँको भनाइ छ । मिथिलाका प्रत्येक मठ मन्दिरमा झुलोनोत्सव मनाउने गरिए पनि जनकपुरधामको मठ मन्दिर आकर्षणको केन्द्रका रूपमा मानिन्छ ।

झुलोनोत्सवमा विशेषगरी भगवान् सीताराम र राधाकृष्णलाई शनिबार साँझदेखि झुलामा झुलाइने परम्परा रहँदै आएको जानकी मन्दिरका छोटे महन्थ दासले बताउनुभयो । जानकी मन्दिरसहित विभिन्न देवी-देवताको प्रतिमा रहेका प्रत्येक मठमन्दिरमा विशेष किसिमका सिंहासन निर्माण गरी सजाइएको गद्दीमा देवीदेवताको प्रतिमा राखी झुलाउने परम्परा छ । यस उत्सवमा जनकपुरधामका मन्दिरबीच उत्सवभर रोचक प्रतिस्पर्धा हुने गर्दछ । एकातर्फ भगवान् राम र जानकीलाई झुलामा राखी झुलाइने गरिन्छ भने अर्कोतर्फ नाटक, नाचगान, भजनकीर्तन र लोक कथा सुनाइने गरिन्छ ।

## रोकिराखेको बस आफैँ गुड्दा दुर्घटना, दुई तीर्थयात्रीको मृत्यु

त्रिशूली । नुवाकोटको टोखा-छहरे सडकखण्डमा शनिबार भएको बस दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । घाइते भएका तीन जनाको काठमाडौँमा उपचार भइरहेको छ ।

नुवाकोटको दुप्चेश्वर महादेव दर्शनको लागि आएका तीर्थयात्री चढेको बस शिवपुरी गाउँपालिका-७ स्थित थानाभञ्ज्याङमा दुर्घटना हुँदा काभ्रेको बनेपा नगरपालिका-८ का ५४ वर्षीया कृष्णमाया प्रजापती (डङ्गोल) र रामेछापको खाँडादेवी गाउँपालिका-२ का ६५ वर्षीया उदयमाया खत्रीको मृत्यु भएको प्रहरीले जनाएको छ । बस दुर्घटनालगत्तै उद्धारको लागि घटनास्थल पुग्नुभएका जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रमुख (प्रहरी उपरीक्षक) बिपिन रेग्मीका अनुसार घाइतेलाई उद्धार गरेर उपचारको लागि काठमाडौँ पठाएकोमा दुई जनाको अस्पताल पुर्‍याएलगत्तै निधन भएको जानकारी चिकित्सकले दिएको हो । दुर्घटनामा सर्लाहीको लालबन्दी नगरपालिका-९ का २५ वर्षीया सुजता पोखरेल, काभ्रे बनेपा नगरपालिका-१० का ४२ वर्षीया शर्मिला श्रेष्ठ र दोलखा मेलुङ गाउँपालिका-६ घर का ६० वर्षीया ज्ञानु श्रेष्ठ घाइते भएकाले थप उपचारको लागी काठमाडौँ पठाइएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख (प्रहरी निरीक्षक) बिनोद ढकालका अनुसार काठमाडौँबाट दुप्चेश्वर धाम दर्शनको लागी तीर्थयात्री लिएर आएको बा.प्र.०८-००१ ख ००५२ नम्बरको बस थानाभञ्ज्याङस्थित सडक छेउमा रोकिएको समयमा आफैँ गुडेर दुर्घटनामा परेको हो ।

बस रोकेर चालक र यात्रुहरू खाजा खान गएको समयमा आफैँ गुडेको बसले अगाडि रोकिराखेको बा.प्र.०३-००१ ज ११७६ नम्बरको इभी भ्यानलाई समेत ठक्कर दिई दुवै गाडी सडकबाट करिब ५० मिटर तल पुगेको प्रहरीले जनाएको छ । दुर्घटनापश्चात् बसका चालक काभ्रेको पाँचखाल नगरपालिका-७ का सीताराम आचार्यलाई प्रहरीले आवश्यक कारबाहीको लागि नियन्त्रणमा लिएको जनाएको छ ।

## प्रधानमन्त्री शाहद्वारा भारतको स्वतन्त्रता दिवसका अवसरमा शुभकामना

काठमाडौँ । प्रधानमन्त्री वालेन्द्र शाहले भारतको ८०औँ स्वतन्त्रता दिवसका अवसरमा उहाँका समकक्षी नरेन्द्र मोदी, भारत सरकार तथा भारतीय जनतामा शुभकामना व्यक्त गर्नुभएको छ ।

प्रधानमन्त्री शाहले सामाजिक सञ्जाल एक्समार्फत भारतको स्वतन्त्रता दिवसका अवसरमा प्रधानमन्त्री मोदीसहित भारत सरकार र मैत्रीपूर्ण भारतीय जनतामा शुभकामना व्यक्त गर्नुभएको हो । उहाँले नेपाल र भारतबीच रहेको गहिरो ऐतिहासिक सम्बन्ध, जनस्तरको निकट सम्बन्ध तथा दुई देशबीचको सहकार्य आगामी दिनमा अझ सुदृढ हुँदै जानेमा विश्वास व्यक्त गर्नुभएको छ । "नेपाल र



भारतबीचका गहिरो ऐतिहासिक सम्बन्ध, जनताबीचको निकट सम्बन्ध र सहकार्य आगामी वर्षहरूमा अझ बलियो हुँदै जाओस्," प्रधानमन्त्री शाहले शुभकामना सन्देशमा भन्नुभएको छ ।

### सरकारको कामको प्रभावकारीता बढ्दै

## अब अनलाइनमार्फत स्वास्थ्य बिमामा आबद्ध हुन सकिने

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । स्वास्थ्य बिमा बोर्डले अनलाइनबाट बिमामा आबद्ध हुनसक्ने प्रक्रिया सुरु गरेको छ । बिमा कार्यक्रममा नयाँ आबद्धता, बिमालेख नवीकरण, सेवाग्राहीको व्यक्तिगत विवरण अद्यावधिक गर्ने (केवाइसी अपडेट) लगायत सबै काम अनलाइनमार्फत गर्न सकिने छ ।




बोर्डका प्रवक्ता डा पवनकुमार शाहले यसअघि बिमा कार्यक्रममा दर्ता सहयोगीमार्फत सर्वसाधरण बिमा आबद्ध हुने गरेकामा शुक्रबारदेखि सुरु गरिएको सेवामार्फत अनलाइनबाटै सबै विवरण र सेवा प्राप्त गर्न सकिने जानकारी दिनुभयो । "हामीले बिमामा आबद्ध हुनका लागि अनलाइनमार्फत आफैँले फारम भर्न मिल्ने प्रणाली सुरु गरिसकेका छौँ", उहाँले भन्नुभयो, "अबदेखि दर्ता सहयोगीविना बिमा आबद्धता, नवीकरण लगायत सबै काम हुन्छन् ।"

'विद्युतीय माध्यमबाट स्वास्थ्य बिमामा आबद्धता तथा बिमालेख नवीकरण सम्बन्धी कार्यविधि, २०८३' बमोजिम अनलाइनमार्फत बिमा आबद्धता र नवीकरण गर्न सुरु गरिएको प्रवक्ता शाहले बताउनुभयो । उहाँका अनुसार यसका लागि 'इसेवा', 'खल्ती' र 'कनेक्ट आइपिएस' मार्फत भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ ।

उक्त प्रणालीमार्फत व्यक्ति स्वयंले तथा दर्ता सहयोगीले परिवारलाई डिजिटल माध्यमबाट स्वास्थ्य बिमामा आबद्ध तथा बिमालेख नवीकरण गर्न सक्नेछन् । अहिले बिमामा ५९ लाख ७० हजार ४०३ जना आबद्ध भएका प्रवक्ता शाहले जानकारी दिनुभयो । उहाँका अनुसार स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत पाँच जना परिवारसम्मका लागि रु तीन हजार ५०० बराबरको योगदानको आधारमा रु एक लाखसम्मको स्वास्थ्य सेवा उपलब्ध गराइन्छ ।

थप प्रतिसदस्य रु ७०० का दरले योगदान रकम थपिँदै जाने र प्रतिसदस्य रु २० हजार बराबरको सेवा सुविधा थपिने प्रावधान रहेको छ । यस्तै आठ प्रकारका कडा रोगमा एक लाख बराबरको थप सेवा प्रदान गरिने स्वास्थ्य बिमा बोर्डले जनाएको छ ।

## प्रवासी नेपालीलाई नेपालमा लगानी गर्न अर्थमन्त्रीको आग्रह

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौँ । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले प्रवासमा रहेका नेपालीलाई नेपालमा ढुक्क भएर लगानी गर्नका लागि आह्वान गर्नुभएको छ ।

चीनको ग्वाङ्झाउ सहरमा शनिबार देखि सुरु भएको गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) को ११औँ एसिया प्यासेफिक सम्मेलनलाई भिडियो सन्देश मार्फत नेपालमा लगानीको वातावरण बन्दै गइरहेकाले ढुक्क भएर लगानी गर्नका लागि अनुरोध गर्नुभएको छ ।

"सरकारले लगानीको माहोल बनाइरहेको छ । देशमै रोजगारीको वातावरण सिर्जना गर्ने वातावरण भइरहेको छ", उहाँले भन्नुभयो, "एआई र सूचना प्रविधि क्षेत्रमा काम गर्न प्रोत्साहन गर्ने गरी नीतिगत रणनीतिहरू कार्यान्वयन भइरहेको छ । त्यसैले पनि नेपालमा ढुक्क भएर लगानी गर्न प्रवासी नेपालीहरूलाई आग्रह गर्दछु ।" मन्त्री वाग्लेले नेपालको पर्यटन, सूचना प्रविधि र ऊर्जा क्षेत्रमा लगानी गर्नका लागि अनुरोध गर्नुभएको छ ।

"प्रवासी साथीहरू, अब नेपाल आएर ढुक्कसँग नेपालमा लगानी गर्नुहोस् । पर्यटन, सूचना प्रविधि क्षेत्रमा, हरित ऊर्जा, उच्च मूल्ययुक्त कृषिमा र आयात प्रतिस्थापन हुने क्षेत्रमा लगानी गर्नुहोस्", उहाँले भन्नुभयो, "सरकारले नतिजा देखिने गरी तीव्र गतिमा काम गरिरहेको छ । बजेटबाट २७ वटा नयाँ कानुनी ऐन ल्याएर लगानीमैत्री वातावरण बनाउन सरकारले



काम गरिरहेको छ ।" अर्थमन्त्री वाग्लेले सम्मानजनक रोजगारी सिर्जना गर्न सरकारले विशेष ध्यान दिएको बताउनुभयो । सरकारको आम्दानी बढाउन कर प्रणालीमा सुधार गरेको पनि उहाँको भनाइ छ । बजेटमार्फत आर्थिक राजकाजको जहाज मोडेको र पहिलो वर्ष सुधारको सुरुआत मात्रै गरेको उहाँले उल्लेख गर्नुभयो ।

## काठ र दाउरा बिक्रीबाट करिब चार करोड आम्दानी

नारायणगढ । जिल्ला वन पैदावार आपूर्ति समितिले आर्थिक वर्ष २०८२/८३ मा काठ, दाउरा तथा अन्य वन पैदावार बिक्री गरी रु तीन करोड ९४ लाख ५० हजार ८८४ आम्दानी गरेको छ । सोही अवधिमा समितिले रु तीन करोड ४८ लाख ३८ हजार ३०० भन्दाबढी खर्च गरेको थियो ।

समितिका अध्यक्ष एवं डिभिजन वन कार्यालयका प्रमुख विष्णुप्रसाद आचार्यका अनुसार समितिले राष्ट्रिय वनअन्तर्गतको बरन्डाभार वन संरक्षण क्षेत्र तथा लिलाम बिक्री हुने सामुदायिक वनबाट काठ तथा दाउरा सङ्कलन गरी बिक्रीवितरण गर्दै आएको छ । समितिले विभिन्न वन पैदावार बिक्रीबाट प्राप्त रकममध्ये चिरान काठबाट सबैभन्दा बढी आम्दानी गरेको छ । गत आर्थिक वर्षमा आठ हजार ५७३ दशमलव ११ क्युबिकफिट चिरान काठ बिक्रीबाट रु दुई करोड ८३ लाख ६१ हजार ६३५ आम्दानी भएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार गोलिया काठ, बेसाइज, बाकल, चट्टा दाउर र भुस बिक्री गरिएको हो । प्रमुख आचार्यले समितिद्वारा बिक्री गर्ने वन पैदावारको दररेट, मूल्य अभिवृद्धि कर र अन्तिम बिक्री मूल्य निर्धारण गरी बिक्री गरिने बताउनुभयो । सालको काठको दर प्रतिक्युबिक फिट रु दुई हजार ९६४ दशमलव ६२ मा १३ प्रतिशत मूल्य अभिवृद्धि कर रु ३८५ दशमलव चार थप गरी प्रतिक्युबिक फिट रु तीन हजार ३५० निर्धारण गरिएको उहाँले जानकारी दिनुभयो ।

त्यसैगरी सालको अनसाइज ( स्ट्रिप) को दर प्रतिक्विन्टल रु तीन हजार ९७ दशमलव ४ मा रु ४०२ दशमलव सात मूल्य अभिवृद्धि कर थप, बाकलको दर प्रतिक्विन्टल रु ७५२ दशमलव २ मा रु ९७ दशमलव ७९ मूल्य अभिवृद्धि कर तथा भुसको दर प्रतिकिलोग्राम रु ३ दशमलव ९८३ मा रु शून्य दशमलव पाँच मूल्य अभिवृद्धि कर थप गरी बिक्री भइरहेको उहाँले बताउनुभयो । सञ्चालन, संरक्षण तथा पूर्वाधार विकासका विभिन्न शीर्षकमा रु तीन करोड ४८ लाख ३८ हजार ३०० भन्दाबढी खर्च भएको समितिले जनाएको छ । खर्चको मुख्य हिस्सा काठ, दाउरा उत्पादन तथा खरिदमा भएको प्रमुख आचार्यले बताउनुभयो ।

काठ, दाउरा उत्पादन तथा खरिदतर्फ रु एक करोड ६२ लाख ८२ हजार ६३०, कार्यालय व्यवस्थापनतर्फ रु ५२ लाख ५२ हजार २२६, पूर्वाधार विकास तथा निर्माणसम्बन्धी रु ५० लाख ४२ हजार ३२६, आपूर्ति समिति सञ्चालनार्थ प्रशासनतर्फ रु ३२ लाख ८१ हजार १८०, बरन्डाभार वन संरक्षण क्षेत्र परिषद्मार्फत सञ्चालित कार्यक्रममा रु २७ लाख २२ हजार ७९६ तथा वन, वातावरण संरक्षण, विकास तथा व्यवस्थापन कार्यक्रममा रु २२ लाख ५७ हजार १५९ खर्च भएको समितिले जनाएको छ । प्रमुख आचार्यले सङ्कलित राजस्व र खर्चमा पारदर्शिता कायम गर्दै आगामी दिनमा वन पैदावारको सहज आपूर्ति तथा बरन्डाभार संरक्षण क्षेत्रको दिगो व्यवस्थापनमा जोड दिइने बताउनुभयो ।

सम्पादकीय ....

## उत्पादन बढाउन लागत घटाउनुपर्ने

पशु पोषण अडिट आधुनिक पशुपालन व्यवस्थापनको एक वैज्ञानिक र तथ्यमा आधारित उपकरण हो, जसले परम्परागत अनुमानमा आधारित खुवाइ प्रणालीलाई डेटा-आधारित पोषण व्यवस्थापनमा रूपान्तरण गर्छ । अडिटका क्रममा पशुको जात, उमेर, तौल, उत्पादन अवस्था, प्रजनन अवस्था, दैनिक दूध वा तौल वृद्धि, उपलब्ध घाँस, दाना, कृषि उपउत्पादन तथा पूरक आहारको विस्तृत विवरण सङ्कलन गरिन्छ ।

विकसित देशहरूले आयातित खाद्य तथा पशुजन्य उत्पादनमा विषाक्त पदार्थको मात्रा कडाइका साथ परीक्षण गर्ने भएकाले खाद्य सुरक्षा, निर्यात प्रवर्द्धन तथा उपभोक्ता स्वास्थ्य संरक्षणका लागि पशु आहारा परीक्षण आजको आवश्यकता बनेको छ । त्यसैले आधुनिक, दिगो र व्यावसायिक पशुपालनका लागि पशु आहारा परीक्षण कुनै विकल्प नभई अपरिहार्य आवश्यकता हो ।

पशु आहाराको गुणस्तर केवल आँखाले हेरेर वा वाहिरी स्वरूपका आधारमा मूल्याङ्कन गर्न सकिँदैन । कुनै पनि आहारामा कति मात्रामा प्रोटिन, ऊर्जा, फाइबर, खनिज तथा भिटामिन छन् भन्ने कुरा प्रयोगशालामा परीक्षण नगरी यकिन गर्न सम्भव हुँदैन।

त्यस्तै, ढुसीजन्य विषाक्त पदार्थ (माइकोटक्सिन), अफ्लाटक्सिन, भारी धातु तथा अन्य दूषित तत्वहरू सामान्य निरीक्षणबाट पत्ता लाग्दैनन् । यदि पशुले अफ्लाटक्सिनयुक्त दाना सेवन गऱ्यो भने त्यसको असर दूधमा समेत देखिन सक्छ, जसले मानव स्वास्थ्यमा दीर्घकालीन नकारात्मक प्रभाव पार्न सक्छ ।

त्यसैले पशु आहारा परीक्षणले पशुलाई खुवाइने आहाराको वास्तविक पोषणस्तरबारे विश्वसनीय जानकारी प्रदान गर्दछ र प्रत्येक वर्ष उत्पादन वा खरिद गरिने आहाराको गुणस्तर फरक हुन सक्ने भएकाले आवश्यक पोषकतत्वको मात्रा सुनिश्चित गर्न मद्दत गर्दछ ।

परीक्षणको आधारमा पशुको आवश्यकता अनुसार सन्तुलित तथा वैज्ञानिक रासन तयार गर्न सकिन्छ, जसले कम वा बढी खुवाउने समस्या न्यूनीकरण गरी उत्पादन लागत घटाउँछ । आहाराको गुणस्तरले पशुको स्वास्थ्य, उत्पादन क्षमता, प्रजनन क्षमता, रोग प्रतिरोधात्मक शक्ति तथा दूध, मासु र अण्डाको गुणस्तरमा प्रत्यक्ष प्रभाव पार्ने भएकाले यसको नियमित परीक्षण आवश्यक हुन्छ ।

यसले प्रोटिन, खनिज तथा भिटामिनको कमी वा असन्तुलनबाट हुने समस्याको जोखिम कम गर्नुका साथै रोग प्रकोप नियन्त्रणमा पनि सहयोग पुऱ्याउँछ । सही पोषण व्यवस्थापनमार्फत दूध, मासु तथा अन्य पशुजन्य उत्पादनको मात्रा र गुणस्तर वृद्धि हुने, गर्भाधान तथा बच्चा जन्माउने दरमा सुधार आउने र पशुपालन व्यवसाय थप लाभदायी बन्ने सम्भावना बढ्छ । साथै, आहारा र पिउने पानी दुवैको गुणस्तर परीक्षणले पशुधनलाई स्वस्थ, उत्पादनशील र सुरक्षित राख्न मद्दत गर्दछ । यसर्थ अहिलेको सन्दर्भमा नेपालमा भैरहेको पशुपालन प्रतिको आकर्षणलाई निरन्तरता दिनका लागि पनि लागत घटाउने र उत्पादनको वृद्धि गर्न सकेको खण्डमा पशुपालन क्षेत्रको माध्यमबाट राष्ट्रिय आम्दानी बढाउन सकिन्छ । यसतर्फ सबैको ध्यान जाओस् ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## अनि बन्यो बन्दीपुरमा मानकाजीको वन

तीन दशकअघि तनहुँको बन्दीपुर गाउँपालिका-१ का मानकाजी श्रेष्ठका लागि काठ नै जीविकोपार्जनको मुख्य आधार थियो । काठको व्यापार र उद्योगबाट परिवारको गुजारा चलिरहेको थियो । सुरुसुरुमा उद्योगका लागि चाहिने कच्चा पदार्थ अर्थात् काठ सहजै पाइरहनुहुन्थ्यो। त्यसैले एकदिन काठकै अभावमा आफ्नो उद्योग बन्द गर्नुपर्ने अवस्था आउला भन्ने उहाँले कल्पनासमेत गर्नुभएको थिएन । तर समय सधैं एउटै रहेन । काठ पाउन जङ्गल चहार्नुपर्ने अवस्था आयो। बजारमा पनि आवश्यक परिमाणमा काठ पाउन कठिन हुन थाल्यो ।

अन्ततः कच्चा पदार्थको अभावमा उहाँको काष्ठ उद्योग बन्द हुने अवस्थामा पुग्यो। उद्योग बन्द हुने पीडाले उहाँलाई निराश मात्र बनाएन, आफ्नै तरिकाले समस्या समाधान गर्ने अठोट पनि जन्मायो । "काठ नै नपाएर उद्योग बन्द गर्नुपर्ने अवस्था अरूलाई नआओस् भन्ने लाग्यो । त्यसपछि आफैं रुख रोप्छु, आफ्नै वन बनाउँछु भन्ने सोच आयो", श्रेष्ठ भन्नुहुन्छ । त्यही सोचले उहाँलाई व्यवसायीबाट वन उद्यमीतर्फ डोहोऱ्यायो ।

कृषि उत्पादनका लागि उर्वर मानिएको आफ्नो १२ रोपनी जग्गामा मानकाजीले सालका बिरुवा रोप्न थाल्नुभयो । खेतीयोग्य जमिनमा रुख रोप्न थालेपछि कतिपयले उहाँको निर्णयको आलोचनासमेत गरे । कृषि उब्जनी हुने जग्गा किन वन बनाउन लागेको ? भन्दै प्रश्न उठे । तर मानकाजी आफ्नो निर्णयबाट पछि हट्नुभएन । बुबाको साथ र आफ्नै इच्छाशक्तिले उहाँलाई अघि बढायो । वर्षौंअघि रोपिएका ती साना बिरुवा अहिले ठूला रुख बनिसकेका छन् ।

बिहानको समय आफ्नै हातले हुर्काएको वनमा बिताउँदा मानकाजीलाई आज पनि उत्तिकै आनन्द लाग्छ । "बिरुवा रोप्ने पहिल्यैदेखिको मेरो रुचि र काठ उद्योगमा कच्चा पदार्थ नपाउँदाको पीडाले मलाई वन आफैं बनाउनुपर्छ भन्ने लाग्यो । त्यसपछि निजी वनमा सालका रुख लगाउन सुरु गरेको हुँ", श्रेष्ठ भन्नुहुन्छ, "अहिले त एभोकाडो र कागती पनि लगाएको छु ।" अहिले हरेक बिहान आफैंले बनाएका वनका हरियाली हेर्दै स्वच्छ हावाबाट श्वास फेर्दै चिरबिरचिरबिर चराचुरुङ्गीको आवाजमा हराउँदा उहाँलाई अझै बढी आनन्द आउने गरेको सुनाउनुहुन्छ ।

केही वर्षअघि लगाइएका बिरुवा अहिले रुख बनिसकेका छन् । त्यसपछि अहिले थप ३० रोपनी जग्गामा एभोकाडो र कागतीका बोट लगाउनुभएको छ । मानकाजीका लागि हरित अर्थतन्त्र उत्पादनको स्रोत बनेको छ, उहाँको निजी वन । त्यसबेला उहाँलाई आजजस्तो वनबाट आम्दानी लिन सकिन्छ भन्ने लागेको थिएन तर सानैदेखि बिरुवा लगाउने, हरियालीमा गएर बस्न, खेल्न मन पराउने उहाँको स्वभाव थियो । त्यही प्रकृतिको मोहले उहाँलाई वन उद्यमी बनायो ।

पहिला पहिला वनलाई घाँसदाउरा लिन सहज हुन्छ भनेर लगाउने गरिन्थ्यो । वन जीविकोपार्जनमुखी थियो । व्यवसायीमुखी बन्दै जान थालेको छ । "बिरुवा रोप्ने पहिल्यैदेखिको मेरो रुचि र काठ उद्योगमा कच्चा पदार्थ नपाउँदाको पीडाले मलाई वन आफैं बनाउनुपर्छ भन्ने लाग्यो, अनि निजी वनमा सालका रुख लगाउन सुरु गरेको हुँ, अहिले त एभोकाडो र कागती पनि लगाएको छु", मनकाजी श्रेष्ठ भन्नुहुन्छ, "अहिले त म काठमाडौंमा छु । तर मलाई कहिले घर पुगेर आफ्नो वन वरपर घुमौं जस्तो भइसक्यो । वरपर घुम्दा पनि एकदमै रमाइलो लाग्छ ।"रुखको सङ्ख्या यकीन गर्न उहाँलाई नै गाह्रो छ । श्रेष्ठका अनुसार अहिले वनमा रहेका रुखको मूल्य मात्रै हेर्दा लाखौं रुपैयाँ बराबरको सम्पत्ति तयार भएको छ । "रुखहरू त थुप्रै छन्, गनेर साध्य नै छैन", श्रेष्ठ भन्नुहुन्छ, "अहिले राम्रोसँग काटेर बेच्न पाउने व्यवस्था भयो भने आधा करोड मूल्य बराबरका रुख बेच्न मिल्ने अवस्थामा छन् ।" एउटा रुख काट्दा त्यसको ठाउँमा नयाँ रुख हुर्काउने र वनलाई निरन्तर उत्पादनशील बनाइराख्ने उहाँको सोच छ ।

### बुबाको प्रभावले बनायो वन उद्यमी

उहाँका बुबाको पालादेखि नै घर वरिपरि विभिन्न प्रजातिका रुखबिरुवा रोप्ने गरिएको थियो । त्यसैको प्रभाव आफूमा पनि परेको श्रेष्ठको भनाइ छ । "घर वरिपरि पनि रुखबिरुवा रोप्न असाध्यै मन लाग्थ्यो", उहाँ भन्नुहुन्छ, "बुबाहरूको पालादेखि नै रुखबिरुवा रोपिराख्नुहुन्थ्यो ।" पछि उहाँ आफैं काष्ठ उद्योगमा जोडिनुभयो । उहाँका अनुसार २०४६/४७ सालतिरै काष्ठ उद्योग सञ्चालनमा थियो ।

उद्योगका लागि काठ आवश्यक पर्न थालेपछि जङ्गल खोज्दै हिँड्नुपर्ने अवस्थाको अन्त्य गर्न आफैं बिरुवा रोप्न अग्रसर हुनुभएको हो मानकाजी । काठको आवश्यकता र वनसँगको आफ्नो रुचि जोडिँदै गएपछि श्रेष्ठले आफ्नै जग्गामा रुख हुर्काउने योजनालाई बुबाले साथ दिनुभयो । आफ्नै जग्गामा सुरूमा साल, सिसौलगायतका रुख रोप्न थाल्नुभयो ।

### सालको वनमा लाखौंको सम्भावना

श्रेष्ठको निजी वनमा प्रायः सालका रुख छन् । उहाँले लामो समयदेखि सालका रुख संरक्षण गर्दै आउनुभएको छ । वनमा रहेका सालका रुख हुर्किसकेका छन् । झरेका सालका पात पनि ठूलो परिमाणमा छन् । श्रेष्ठको वन उद्यमबाट आर्थिकोपार्जनको सपना काठमा मात्र सीमित छैन । सालको पातबाट दुनाटपरी उत्पादन गर्ने योजना पनि उहाँको छ ।

सालको पातलाई सामान्यतया वनमा झरेर कुहिने वस्तुका रूपमा हेर्ने गरिए पनि उहाँ त्यसलाई कच्चा पदार्थका रूपमा प्रयोग गर्न सकिने सम्भावना देख्नुहुन्छ । दुनाटपरी उत्पादनका लागि आवश्यक मेसिन, लागत र बजारबारे अध्ययन गरेर स्थानीयलाई रोजगारी दिने उहाँको योजना छ । "सालका पातबाट दुनाटपरी बनाउने र स्थानीयलाई रोजगारी दिने मेरो इच्छा छ", उहाँ भन्नुहुन्छ ।

वनमा उत्पादन हुने हरेक वस्तुलाई आर्थिक मूल्यमा रूपान्तरण गर्ने श्रेष्ठको योजना प्रशंसनीय छ । सालको रुखबाट काठसँगै पात अर्को उत्पादन बन्न सक्छ । फलफूलले थप आम्दानी दिन सक्छ । यसरी एउटै वन स्रोतबाट विभिन्न प्रकारका आर्थिक गतिविधि सिर्जना गर्न सकिने उहाँको सोच छ । वन हुर्काउन वर्षौं लाग्छ । बिरुवा रोपेको केही समयमै आम्दानी आउँदैन । संरक्षण, गोडमेल, व्यवस्थापन र लामो प्रतीक्षापछि मात्रै रुखले आर्थिक मूल्य प्राप्त गर्छ । श्रेष्ठ निजी वनलाई दीर्घकालीन लगानीका रूपमा बुझ्नुपर्ने बताउनुहुन्छ । "रुख हुर्काउनेलाई प्रोत्साहन चाहिन्छ, र काटेर बजारमा बेच्न सहज रूपमा जहिले जतिबेला पनि आउने कानुन व्यवस्था भएमा अझै उत्साह बढ्छ", उहाँ भन्नुहुन्छ, "आफैंले रोपेको बिरुवा आफैंले काट्न पाइएन भने त उत्साह पनि हुँदैन नी ।" श्रेष्ठको गुनासो भने निजी वनको उत्पादन बजारसम्म लैजाने क्रममा देखिने प्रक्रियागत

### प्रगति ढकाल

झन्झटिलोपनमा छ । उहाँका अनुसार निजी वनसम्बन्धी कानुनी व्यवस्था भए पनि व्यवहारमा रुख कटान तथा उपयोगका क्रममा विभिन्न प्रक्रिया र अवरोधले निजी वनधनीलाई निरुत्साहित बनाउने गरेको छ । "निजी वनमा राम्रो सम्भावना छ, तर सरकारी सम्बन्धित निकायबाट अझै सहज वातावरण बन्नुपर्छ", उहाँ भन्नुहुन्छ ।

श्रेष्ठ निजी वनमा लामो समय श्रम र लगानी गरेका व्यक्तिलाई प्रोत्साहन गर्नुपर्ने पक्षमा हुनुहुन्छ । निजी वनबाट उत्पादन हुने काठ तथा अन्य वन पैदावारलाई व्यवस्थित रूपमा बजारमा लैजान सकिएमा यसले आयात घटाउन र स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउनसक्ने उहाँको विश्वास छ ।

नेपालमा ठूलोमात्रामा वन स्रोत रहे पनि त्यसको उपयोगबाट पर्याप्त आर्थिक लाभ लिन नसकिएको मानकाजी बताउनुहुन्छ । "वनपैदावार निजी वनमा छन्, सामुदायिक वनमा छन्, कबुलियती वनमा छन्", उहाँ भन्नुहुन्छ, "तर व्यवस्थापनसम्बन्धी राम्रो नीति नहुँदा धेरै वन पैदावार कुहिएर जाने अवस्था छ ।"

### बाँदरबाट जोगाउन एभोकाडो

घरघर आएर तरकारी, फलफूल तथा अन्य कृषि बालीमा हानि गर्न थाल्यो । बाँदरको समस्याबाट जोगाउन उहाँलाई एभोकाडो रोप्ने योजना बनाउनुभयो । "अन्य फलफूल खेती गरौं भने बाँदरबाट जोगाउनै नसकिने । एभोकाडो चाहिँ बाँदरले नखाने रहेछ", श्रेष्ठ भन्नुहुन्छ, "विस्तारै हामीले बाँदरले नखाने खेतीको विकल्प खोज्नुपर्ने बेला आएको छ ।" कागती र एभोकाडो संरक्षण गर्न उहाँले तारजाली लगाउनुभएको छ। गाईबस्तुले बिरुवा नष्ट गर्नसक्ने भएकाले करिब २०-३० रोपनी क्षेत्रफल जालीले घेरेर खेती विस्तार गरिरहेको श्रेष्ठको भनाइ छ । यसले उहाँको वन व्यवस्थापनको सोचलाई अझ फराकिलो बनाएको छ । वनबाट काठ मात्रै नभएर प्रकृति संरक्षण, फलफूल, गैरकाष्ठ वन पैदावार र अन्य उत्पादनलाई समेटेर आयआर्जन गर्न सकिने क्षेत्र पनि हो भन्ने उहाँको अभ्यासले देखाउँछ ।

नेपालमा रोजगारीको खोजीमा ठूलो सङ्ख्यामा युवा विदेश जाने अवस्था रहेका सन्दर्भमा स्थानीय स्रोतमा आधारित उद्यमलाई प्राथमिकता दिनुपर्ने उहाँको धारणा छ। श्रेष्ठका अनुसार सरकारले वन स्रोतमा आधारित साना तथा मझौला उद्योग सञ्चालनका लागि सहज वातावरण बनाउनसके ग्रामीण क्षेत्रमा रोजगारीका अवसर विस्तार गर्न सकिन्छ । श्रेष्ठको वनबाटै आर्थिक समृद्धिको सम्भावना बोकेको प्रतिनिधिमूलक उदाहरण हो । उहाँको यही सफल अभ्यासलाई कदर गर्दै वन तथा भू-संरक्षण विभागले **(बाँकी पृष्ठ ३ मा)**


## बाढी/पहिरोबाट सचेत होऔं

**बाढी/पहिरो आउनुअघि:**

- **स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,**
- **खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,**
- **घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,**
- **आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,**
- **जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं ।**

**बाढी/पहिरो आएमा:**

- **अनावश्यक हिँडडुल नगरौं,**
- **सुरक्षित स्थानतर्फ जाऔं,**
- **बिजुलीका तार तथा खम्बाबाट टाढा रहौं,**
- **खोलानाला सुरक्षित तवरले तरौं,**
- **अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान-प्रदान गरौं,**
- **घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं**

**नेपाल सरकार,**
**विज्ञापन बोर्ड**

## खनिज क्षेत्रको राजस्व संकलन खस्कियो

काठमाडौं । खानी तथा भूगर्भ विभागले खनिज पदार्थको उत्खनन, उत्पादन तथा निकासीबापत सङ्कलन गर्ने राजस्वमा गत आर्थिक वर्ष करिब रु ७० करोडले कमी आएको जनाएको छ ।

विभागले आर्थिक वर्ष २०८१/८२ मा रु एक अर्ब ५९ करोड राजस्व सङ्कलन गरेकामा आर्थिक वर्ष २०८२/८३ मा रु ८९ करोड ४८ लाख मात्र सङ्कलन गरेको हो । अघिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा विभागको राजस्व सङ्कलन करिब ४४ प्रतिशतले घटेको देखिन्छ । विभागका प्रवक्ता एवं उपमहानिर्देशक गणेशनाथ त्रिपाठीका अनुसार खानी खोज तथा उत्खनन अनुमतिपत्र वितरण, इजाजत नवीकरण, भूवहाल, नक्सा तथा प्रतिवेदन शुल्क लगायतबाट विभागले राजस्व सङ्कलन गर्दै आएको छ । उहाँका अनुसार देशमा औद्योगिक उत्पादन तथा आर्थिक विकास गर्ने उद्देश्यले चुनढुङ्गा, रातोमाटो, धातु, पत्थरलगायत खनिजजन्य वस्तुको उत्खननका लागि विभागले अनुमति प्रदान गर्दै आएको छ ।




स्वदेशमा रहेका खनिज सम्पदाको अन्वेषणमार्फत खनिजजन्य उद्योगको विकास गर्ने उद्देश्यले विभागले टुर्मालिन, टल्क, क्वार्ज, काइनाइट, मार्बल, फलाम, जिङ्क, क्वार्जजाइट, म्याग्नेसाइट, डोलोमाइट र तामालगायत खानीका लागि अनुमति दिएको छ । विभागले खानी अनुमति, खनिज प्रशोधन, अनुगमन तथा विवाद समाधान, पेट्रोलियम सम्बन्धी आर्थिक अध्ययन तथा प्रवर्द्धन, धातु तथा अधातु खनिज अन्वेषण, खानी ड्रिलिङ, इन्जिनियरिङ भौगर्भिक अध्ययन र भूकम्प मापनलगायतका काम गर्दै आएको छ ।

## एक वर्षः २०६ मुद्दा दर्ता, ८४ फछर्योट

खोटाङ । जिल्ला प्रहरी कार्यालय खोटाङले आर्थिक वर्ष २०८२/८३ मा २०६ वटा मुद्दा दर्ता भएकामा ८४ वटा मुद्दा फछर्योट भएको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयले आर्थिक वर्ष २०८२/०८३ मा सम्पादित कार्यको समीक्षा तथा पत्रकारहरुसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरेर जिल्लाको शान्ति-सुरक्षा, अपराध अनुसन्धान तथा मुद्दा फछर्योटको अवस्थाबारे जानकारी दिएको हो ।

प्रहरीले २०८२ साल साउनदेखि २०८३ असार मसान्तभित्र दर्ता तथा फछर्योट भएका मुद्दाका विवरण सार्वजनिक गरेको छ । एक वर्षको अवधिमा कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, सवारी ज्यान, सवारी अङ्गभङ्ग, आत्महत्या दुरुत्साहन, जबर्जस्ती करणी, चोरी तथा डाँकासम्बन्धी कसुर, जबर्जस्ती करणी उद्योग, हातहतियार तथा खरखजाना, बहुविवाहको मुद्दा सम्बोधन गरिएको छ ।

यस्तै, गर्भ संरक्षणविरुद्धको कसुर, लागुऔषध, अभद्र व्यवहार, आपराधिक उपद्रव, बैंकिङ कसुर, पशुपन्छीसम्बन्धी कसुर, जुवा तथा मानव बेचबिखनलगायतका ८४ वटा मुद्दा फछर्योट भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक निराजन बस्नेतले जानकारी दिनुभयो ।

जिल्ला प्रहरी कार्यालयका अनुसार यसअघि आव २०८०/८१ मा २१५ वटा मुद्दा दर्ता भएकामा २१५ वटै फछर्योट भएका थिए । आव २०८१/८२ मा १२० वटा मुद्दा दर्ता भएकामा ९९ वटा फछर्योट भएको प्रहरी निरीक्षक बस्नेतले जानकारी दिनुभएको छ ।

त्यस्तै, आव २०८२/८३ मा जिल्लामा ७२ जनाले आत्महत्या गरेका छन् । महिला तथा बालबालिकाविरुद्धका मुद्दा आव २०८०/८१ मा ३७, २०८१/८२ मा ४७ र २०८२/८३ मा २६ वटा रहेको पत्रकार सम्मेलनमा जानकारी दिइएको छ ।

जिल्लामा ३१ महिला, १२ पुरुष र २२ बालबालिका गरी ६५ जना हराएकामा सबै फेलापरेको प्रहरीले जनाएको छ । विभिन्न समयमा विभिन्न ठाउँबाट हराएका व्यक्तिको हताहतमा प्रहरी परिचालन गरेर खोजी गरी सम्बन्धित व्यक्ति तथा परिवारलाई बुझाएको छ । त्यस्तै, ८६ वटा सवारी दुर्घटना हुँदा सात जनाको मृत्यु भएको छ भने ९९ जना घाइते भएका छन् । पटकपटक दुर्घटना गराउनेमध्ये एक जना सवारी चालकलाई निलम्बनका लागि सिफारिस गरिएको छ ।

प्रहरीले दिएको तथ्याङ्कअनुसार गत आवभरिमा ६७८ वटा उजुरी तथा निवेदन कार्यालयमा प्राप्त भएको छ । आकस्मिक सहायताका लागि दुई हजार ४४० वटा कल आएको तथा समुदाय-प्रहरी साझेदारीअन्तर्गत ७४० वटा कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ ।

वन पैदावार तथा नदीजन्य स्रोतको अवैध कारोबार, उत्खनन र ओसारपसार नियन्त्रणबाट रु एक लाख ५५ हजार ३०० राजस्व सङ्कलन भएको प्रहरीले जानकारी दिएको छ । जिल्ला प्रशासन, डिभिजन वन तथा सम्बन्धित कार्यालयसँगको समन्वयमा उक्त राजस्व रकम सङ्कलन गरिएको प्रहरीले जनाएको छ । जिल्लाको शान्तिसुरक्षा थप मजबुत बनाउँदै नागरिकलाई सुरक्षाको प्रत्याभूति दिलाउन आफूहरू सक्रियतापूर्वक लागिपरेको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक प्रकाश बुढाथोकीले जानकारी दिनुभयो ।

नागरिकसँग प्रहरीको सम्बन्धलाई अझ सुदृढ बनाउनेतर्फ प्राथमिकता दिने, समुदायसँगको सहकार्य बढाउँदै अपराध न्यूनीकरण तथा नागरिकलाई छिटोछरितो सेवा प्रवाह गर्ने प्रहरीको प्रमुख दायित्व भएकाले सोहीअनुसार अगाडि बढेको प्रनाउ बुढाथोकीले जानकारी दिनुभयो ।

## स्थानीय तहको सहभागितामा मुस्ताङमा जलवायु सम्मेलन हुँदै

मुस्ताङ । आगामी भदौमा आयोजना हुने जलवायु सम्मेलनका लागि मुस्ताङको घरपझोङ गाउँपालिकाले देशभरका ७५३ वटै स्थानीय तहलाई पत्राचार गरेको छ ।

सम्मेलन भदौ ३० र ३१ गते मुस्ताङको सदरमुकाम जोमसोममा आयोजना हुने गाउँपालिकाले जनाएको छ । जलवायु परिवर्तनका कारण उत्पन्न समस्या, चुनौती तथा जलवायु अनुकूलनका विषयमा साझा धारणा बनाउन सम्मेलन आयोजना गर्न लागिएको हो ।

राष्ट्रिय तथा अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गराउने उद्देश्यले गाउँपालिकाले पहिलोपटक ऐतिहासिक रूपमा जलवायु परिवर्तनसम्बन्धी सम्मेलन आयोजना गर्न लागेको प्रमुख प्रशासकीय अधिकृत भीमकुमार बस्नेतले जानकारी दिनुभयो ।

सङ्घीय मामिला मन्त्रालयको समन्वयमा सबै स्थानीय तहलाई सम्मेलनमा सहभागी हुन पत्राचार गरिएको उहाँले बताउनुभयो । सम्मेलनमा हिमाल, पहाड र तराईमा जलवायु परिवर्तनले पारेको असरबारे छलफल गरिनेछ । साथै जलवायु परिवर्तनको असर न्यूनीकरण र सामना गर्न सामूहिक प्रतिबद्धता जनाउँदै घरपझोङ घोषणापत्र २०८३ जारी गरिनेछ ।

सम्मेलनका लागि छ महानगर पालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४५९ गाउँपालिकालाई एकैसाथ लिखित पत्राचार गरिएको प्रमुख प्रशासकीय अधिकृत बस्नेतले जानकारी दिनुभयो । सम्मेलनमा जलवायु परिवर्तनका कारण स्थानीय तहमा देखिएका समस्या, विपद् तथा प्रभाव पहिचान गर्दै त्यसको न्यूनीकरणका उपाय र रणनीतिबारे छलफल हुनेछ । कालीगण्डकी नदी किनार, मुक्तिनाथ क्षेत्र र नीलगिरि हिमालको काखमा बसेर बृहत् छलफल गरी हिमाली जिल्लाका तर्फबाट जलवायु घोषणापत्र जारी गर्ने तयारी गरिएको छ ।

सम्मेलनबाट जारी हुने साझा घोषणापत्रमार्फत राष्ट्रिय तथा अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गराउँदै जलवायु परिवर्तनका असरविरुद्ध स्थानीय तहको साझा आवाज बुलन्द गर्ने उद्देश्य रहेको गाउँपालिकाले जनाएको छ ।

सम्मेलनमा जलवायु परिवर्तनका असरसम्बन्धी फोटो प्रदर्शनीसमेत आयोजना गरिनेछ । त्यसका लागि सबै स्थानीय तहलाई भदौ १५ गतेभित्र जलवायु परिवर्तनका असर झल्कने तस्बिर पठाउन अनुरोध गरिएको छ । स्थानीय तहका धारणा तथा घोषणापत्रमा समेटनुपर्ने विषयसमेत उल्लेख गरी सोही मितिभित्र मस्यौदा पठाउन आग्रह गरिएको प्रमुख प्रशासकीय अधिकृत बस्नेतले बताउनुभयो ।

गाउँपालिकासँग भगिनी सम्बन्ध जोडिएका स्थानीय तह तथा मुस्ताङका अन्य स्थानीय तहको सहयोगमा सम्मेलनको तयारी भइरहेको छ । पछिल्लो समय जलवायु परिवर्तनका कारण हिमपहिरो, हिमताल फुट्ने, बाढीपहिरो र नदी कटानजस्ता प्राकृतिक विपद् बढिरहेका छन् । कृषि, पशुपालन, धर्म/संस्कृति तथा जैविक विविधतामा समेत जलवायु परिवर्तनको ठूलो असर परेको छ ।

जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा असमान हिमपात हुने, खानेपानीका मुहान सुक्दै जाने, चरन क्षेत्र घट्दै जाने तथा मानव र वन्यजन्तुबीचको द्वन्द्व बढ्ने समस्या देखिएको छ । यसले पशुपालन व्यवसाय समेत प्रभावित हुन थालेको छ ।

## जलविद्युत् आयोजनाको सहयोगमा विद्यालय भवन निर्माण

दमौली । तनहुँ जलविद्युत् आयोजनाको सहयोगमा तनहुँको भिमाद नगरपालिका-५ ऋषिङपाटनस्थित दीपक माध्यमिक विद्यालयको भवन निर्माण सम्पन्न भएको छ । आयोजनाको सामाजिक उत्तरदायित्व विकास कार्यक्रममार्फत विद्यालयको सुविधासम्पन्न भवन निर्माण गरिएको हो । उक्त भवनको २०८० साल असोज ९ गते शिलान्यास गरिएको थियो ।

सरकारको विद्यालय भवनसम्बन्धी प्रचलित मापदण्ड, नमूना डिजाइन तथा प्राविधिक विशिष्टताअनुसार निर्माण गरिएको भवनले विद्यार्थीका लागि सुरक्षित, विपद्-प्रतिरोधी तथा गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित गर्न सहयोग पुर्याउने आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो। उहाँका अनुसार रु ९४ लाख ५७ हजारको लागतमा भवन निर्माण गरिएको हो । विद्यालय भवन निर्माणको ठेक्का स्याङ्जा स्थित निवास इन्जिनियरिङ कन्सल्टेन्सीले प्राप्त गरेको थियो ।

नयाँ भवनले आयोजना प्रभावित समुदायका विद्यार्थीका लागि थप व्यवस्थित र गुणस्तरीय शैक्षिक पूर्वाधार उपलब्ध गराउँदै अनुकूल सिकाइ वातावरण सृजना गर्ने भण्डारीले बताउनुभयो । यसले सामाजिक पूर्वाधारको विकास तथा आसपासका समुदायको दीर्घकालीन शैक्षिक र सामाजिक-आर्थिक विकासमा योगदान पुर्याउने अपेक्षा गरिएको उहाँको भनाइ छ।

विद्यालयका प्रधानाध्यापक उत्तम खनियाले नयाँ भवन निर्माण भएपछि अध्ययनमा सहज हुने बताउनु भयो । आयोजनाले प्रभावित क्षेत्रमा सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न क्षेत्रमा सहयोग गर्दै आएको छ । हालसम्म ९८ वटा योजनाहरू सम्पन्न भइसकेको र छवटा योजना सञ्चालनमा रहेको भण्डारीले जानकारी दिनुभयो ।

भिमाद- ५ स्थित फेदीखोला मोटरेबल पुल निर्माण, ऋषिङ गाउँपालिका-७स्थित डाडीवन चुलेसी पहुँच मार्ग, भिमाद नगरपालिका-५ स्थित वानटाङ खोलामा पक्की पुल निर्माण, ऋषिङ गाउँपालिका-१ स्थित दीपक माध्यमिक विद्यालय भवन निर्माण, भिमाद नगरपालिका-५ स्थित ज्येष्ठ नागरिक सामुदायिक भवन निर्माणको काम जारी छ ।

## अनि बन्यो बन्दीपुरमा.....

निजी वन राष्ट्रिय पुरस्कारबाट यही साता श्रेष्ठलाई रु ५० हजार राशिसहित पुरस्कृत गरेको छ ।

वनलाई हरित अर्थतन्त्रको आधार बनाइने

कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले वनलाई संरक्षणसँगै आयआर्जन र रोजगारीको प्रमुख आधारका रूपमा विकास गर्ने सरकारको नीति रहेको बताउनुभएको छ । उहाँले 'हरियो वन, नेपालको धन' भन्ने अवधारणाको सार्थक कार्यान्वयन गर्ने समय आएको उल्लेख गर्दै वनसम्पदालाई आयआर्जनको प्रमुख स्रोतका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभएको छ । "वनजन्य उद्योग, जडीबुटी प्रशोधन, पर्या-पर्यटन र कार्बन व्यापारमार्फत वन सम्पदाबाट स्थानीय समुदायले आर्थिक लाभ लिन सक्छन्," मन्त्री चौधरीले भन्नुभयो, "वनमा आधारित उद्यम विकासलाई प्राथमिकता दिँदै वनजन्य उत्पादनको मूल्य अभिवृद्धि, प्रशोधन र बजारीकरणसँगै हरित रोजगारी सिर्जनामा जोड दिएका छौं ।"

मन्त्री चौधरीले काठ, बाँस तथा गैरकाष्ठ वन पैदावारलगायत स्वदेशी उत्पादनको दिगो उपयोग र प्रवर्द्धनलाई प्रोत्साहन गरिने बताउनुभयो । पाँच हजार बढी निजी वन : वन विभागका वन अधिकृत विजय ढकालले नेपालमा पाँच हजार ५१४ वटा निजी वनले दुई हजार ९८९ दशमलव १० हेक्टर ओगटेको जानकारी दिनुभयो । "सबैभन्दा बढी कोशी प्रदेशमा दुई हजार २२२ वटा निजी वन रहेका छन् । त्यसैगरी मधेसमा एक हजार १९५, बागमतीमा ६६८, गण्डकीमा ४२३ लुम्बिनीमा ५३७, कर्णालीमा १७० र सुदूरपश्चिममा २९९ वटा निजी वन रहेका छन्", उहाँले भन्नुभयो । राष्ट्रिय वन नीति २०७५ मा फलफूललगायत कृषि वनको विकास र संरक्षण गरी वन क्षेत्रलाई आर्थिको पार्जनको माध्यमको रुपमा विकास गर्ने उद्देश्य राखिएको छ ।

## नेपाल-चीन सम्बन्ध सात दशकमा बृहत् साझेदारीमा

काठमाडौं । परराष्ट्रसचिव अमृतबहादुर राईले नेपाल 'एक चीन सिद्धान्तप्रति' दृढ रहेको र नेपाली भूमिलाई चीनको हितविरुद्ध प्रयोग हुन नदिने प्रतिबद्धता पुनः दोहोर्याउनुभएको छ ।

उहाँले नेपाल र चीनबीचको कूटनीतिक सम्बन्ध पञ्चशीलका सिद्धान्त, असल छिमेकीपन, पारस्परिक साझेदारी, सहकार्य, समानता र एकअर्काका भावना र संवेदनशीलताप्रतिको सम्मानमा आधारित रहेको बताउनुभयो ।

नेपाल र चीनबीचको कूटनीतिक सम्बन्धको ७१औं वार्षिकोत्सव समारोह तथा २०२६ नेपाल-चीनमैत्री लघु भिडियो प्रतियोगिताको पुरस्कार वितरण समारोहका अवसरमा बिहीबार यहाँ आयोजित कार्यक्रममा बोल्दै परराष्ट्रसचिव राईले यो वार्षिकोत्सव 'हाम्रो कूटनीतिक पात्रोको एउटा सिलसिलामात्र नभई चिरस्थायी सम्बन्धको प्रमाण हो' भन्नुभयो ।

सात दशकको अवधिमा द्विपक्षीय सम्बन्ध, परम्परागत सम्बन्ध र सांस्कृतिक आदानप्रदानबाट साझा समृद्धिका लागि बृहत् साझेदारीसम्म विस्तार भएको परराष्ट्रसचिव राईले उल्लेख गर्नुभयो ।

उहाँका अनुसार उच्चस्तरीय भ्रमणलगायत विभिन्न तहका आदानप्रदानले नेपाल-चीन सम्बन्धका सबै पक्षमा गतिशीलता र जीवन्तता भर्दै मित्रता बढाएका छन् । द्विपक्षीय सम्बन्धका साथै नेपाल र चीनले नियममा आधारित विश्वव्यापी व्यवस्थाका लागि बहुपक्षीयताप्रति दृढ प्रतिबद्धता जनाएको र साझा हितका विषयमा विभिन्न बहुपक्षीय मञ्चमा सहकार्य गर्दै आएको उहाँले उल्लेख गर्नुभयो । एक असल मित्र र नजिकको छिमेकीका रूपमा चीनले हासिल गरेको अद्भुत आर्थिक विकासप्रति नेपालले गौरव गरेको र त्यसबाट सिक्न तथा फस्टाउँदो चिनियाँ अर्थतन्त्रसँग नेपालको आर्थिक सहकार्य पनि गहिरो बनाउन चाहेको उहाँले स्पष्ट पार्नुभयो ।

विगत सात दशकमा नेपाल र चीनबीच व्यापार, लगानी, पूर्वाधार विकास, पर्यटन, शिक्षा, संस्कृति र जनस्तरको सम्बन्धमा व्यापक विस्तार भएको छ भन्दै सचिव राईले ट्रान्स-हिमालयन बहुआयामिक सम्पर्क सञ्जाल र यसको शीघ्र कार्यान्वयन लाई नेपालले महत्व दिने बताउनुभयो ।

सो अवसरमा चिनियाँ राजदूत चाङ माओमिङले दुई देशबीच कूटनीतिक सम्बन्ध स्थापना भएदेखि हालसम्म अन्तरराष्ट्रिय परिदृश्य जतिसुकै परिवर्तन भए पनि एकअर्कालाई सम्मान, विश्वास र समर्थन गर्दै आएको र सुखदुःखमा सँगसँगै उभिने असल छिमेकी, असल मित्र र असल साझेदार भएको धारणा राख्नुभयो ।

नेपालमा नयाँ सरकार गठन भएदेखि नेपाल-चीनबीचको राजनीतिक पारस्परिक विश्वास गहन हुँदै गएको र उच्चस्तरीय 'बेल्ट एन्ड रोड सहकार्य' ठोस परिणामसहित अगाडि बढिरहेको चिनियाँ राजदूतको भनाइ छ ।

व्यापार तथा अर्थतन्त्र, पूर्वाधार, सम्पर्क-सञ्जाल, ऊर्जा, कृषि, शिक्षा, स्वास्थ्य र पर्यटनलगायतका क्षेत्रमा नयाँ प्रगति हासिल भएको भन्दै राजदूत माओमिङले ठूलो सङ्ख्यामा चिनियाँ पर्यटक नेपालको अनुपम सुन्दरता हेर्न आइरहेको बताउनुभयो । दुई देशका जनताबीचको यी सामान्य तर न्यानो आदानप्रदान नै आजको नेपाल-चीन सम्बन्धको वास्तविक जग भएको राजदूत माओमिङको कथन थियो ।

## जलविद्युत् आयोजनाको सहयोगमा फेदीखोलामा ट्रस पुल निर्माण

दमौली । तनहुँ जलविद्युत् आयोजनाको सहयोगमा भिमाद नगरपालिका-५ स्थित फेदीखोलामा ट्रस पुल निर्माण प्रक्रिया अघि बढेको छ । आयोजनाको डुबान क्षेत्रमा पर्ने फेदीखोलामा सर्वसाधारणको सहज आवागमनका लागि पुल निर्माण सुरु गरिएको हो ।

पुल निर्माणका लागि चितवन स्थित जलप नेपाल प्रालिसँग गत मङ्सिर २४ गते ठेक्का सम्झौता भएको थियो । सम्झौताअनुसार पुल निर्माण २४ महिनाभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको तनहुँ जलविद्युत् आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार करिब रु आठ करोड १० लाखको लागतमा ५५ मिटर लामो ट्रस पुल निर्माण भइरहेको छ ।

आयोजनाको डुबान क्षेत्रमा पर्ने उक्त स्थानमा पुलको अभावमा वर्षायाममा खोला वारपार गर्न स्थानीयवासी तथा सर्वसाधारणलाई कठिनाइ हुँदै आएको थियो । पुल निर्माण सम्पन्न भएपछि फेदीखोलामा सहज र सुरक्षित रूपमा आवतजावत गर्न सकिनेछ । यसबाट दैनिक आवतजावत गर्ने स्थानीयवासीसँगै विद्यार्थी, कृषक तथा व्यवसायीलाई समेत प्रत्यक्ष लाभ पुग्ने आयोजना प्रमुख भण्डारीले बताउनुभयो ।

निर्माणाधीन पुलले भिमाद बजारसहित ऋषिङपाटन, जलबिरे, वाइटाडीटार, लदन, आमडाँडा, टुटुवा लगायत बस्तीलाई सडक सञ्जाल मार्फत जोड्नेछ । पुल बनेपछि यी क्षेत्रका नागरिकलाई आवतजावतका लागि सहज वैकल्पिक मार्गसमेत उपलब्ध हुनेछ । यस्तै ऋषिङ गाउँपालिका-७ र ८ का पुरानो ऋषिङ, पल्टयाङलगायत बस्तीका स्थानीय वासीलाई प्रत्यक्ष सुविधा पुग्नेछ । हाल खोलाका कारण आवतजावत मा हुने कठिनाइ हट्ने र भिमाद तथा ऋषिङ क्षेत्रबीचको यातायात सम्पर्क थप सहज हुने अपेक्षा गरिएको छ ।

आयोजना प्रमुख भण्डारीका अनुसार पुल निर्माणसँगै भिमाद नगरपालिका र ऋषिङ गाउँपालिका बीच सडक पहुँच तथा यातायात सम्पर्कमा उल्लेखनीय सुधार हुनेछ । यसले स्थानीय बस्तीबीचको आवागमन सहज बनाउनुका साथै कृषि उपज तथा अन्य स्थानीय उत्पादनलाई बजारसम्म पुर्याउनसमेत सहयोग पुग्नेछ । तनहुँ जलविद्युत् आयोजना निर्माणका क्रममा आयोजनाको डुबान क्षेत्रमा पर्ने विभिन्न स्थानमा पूर्वाधार विकास तथा स्थानीय आवश्यकता अनुसारका संरचना निर्माणलाई प्राथमिकता दिइएको आयोजना कार्यालयले जनाएको छ । फेदीखोलामा निर्माण भइरहेको पुल पनि सोही क्रममा स्थानीय बासिन्दाको आवागमनलाई सहज बनाउने उद्देश्यले अघि बढाइएको हो ।

पुल नहुँदा खोलाको अवस्था, मौसम तथा पानीको बहावअनुसार आवतजावत प्रभावित हुने गरेको थियो । विशेषगरी वर्षायाममा स्थानीयवासीले जोखिम मोलेर खोला पार गर्नुपर्ने अवस्था रहेकोमा पुल निर्माणपछि उक्त समस्या दीर्घकालीन रूपमा समाधान हुने अपेक्षा गरिएको छ । पुलले भिमाद र ऋषिङ क्षेत्रका बस्तीलाई नजिक ल्याउनुका साथै स्थानीयस्तरमा शिक्षा, स्वास्थ्य, व्यापार, व्यवसाय तथा कृषि क्षेत्रमा पहुँच विस्तार गर्नसमेत सहयोग पुग्ने भण्डारीले बताउनुभयो ।

## खानेपानीका लागि सार्वजनिक ट्याँकी र धारा

चितवन । लायन्स क्लब अफ चितवन राइजले भरतपुर महानगरपालिका-१० विशाल चोकमा खानेपानी ट्ङ्की र धारा निर्माण गरेको छ ।

विशाल चोकमा रहेको प्रतीक्षालयमा बस्ने वृद्धवृद्धासहित सर्वसाधारण, बटुवा र चोक हुँदै आवतजावत गर्ने सर्वसाधारणलाई शुद्ध खानेपानी उपलब्ध गराउन टङ्की र धारा निर्माण गरिएको हो ।

खानेपानी टङ्की शनिबार एक कार्यक्रमका बीच ज्येष्ठ नागरिक उपशाखा भरतपुर-१० लाई हस्तान्तरण गरिएको छ । लायन्सका पूर्वअन्तरराष्ट्रिय निर्देशक बालकृष्ण बुर्लाकोटीको उपस्थितिमा टङ्की हस्तान्तरण गरिएको हो । बुर्लाकोटीले लायन्स सधैँ समाजसेवाको काममा सक्रिय रहेको बताउँदै यस्ता कार्यले समाजलाई दीर्घकालीन रूपमा सकारात्मक प्रभाव पारिरहने बताउनुभयो ।

डिस्ट्रिक गभर्नर प्रभाकर पण्डित, ज्येष्ठ नागरिक उपशाखा भरतपुर-१० का अध्यक्ष रघुनाथ भण्डारीलगायतको उपस्थिति थियो । कार्यक्रममा चितवन राइजका पूर्वअध्यक्ष शिरिष पन्तले खानेपानी टङ्की निर्माण तथा परिसरमा 'मोज्याक टायल' लगाउन लायन बालकगोपाल चुके, नेशनल कङ्क्रिटो प्रालिका सञ्चालक ईश्वरमान श्रेष्ठ, उत्सव इन्टरप्राइजेजका सञ्चालक अमर रायमाझी, गडी सेक्युरिटी सर्भिसका प्रबन्धनिर्देशक अश्विन गोलीलगायतले सहयोग गर्नुभएको जानकारी दिनुभयो ।

क्लबका अध्यक्ष एमजेएफ लायन डा रमेशप्रसाद घिमिरेको अध्यक्षतामा भएको कार्यक्रम सचिव अश्विन गोलेले सञ्चालन गर्नुभएको थियो । एक हजार लिटर क्षमताको, फुडग्रेडको हाइजिनिक (खाना, पानी तथा पेयपदार्थ राख्दा वा पकाउँदा मानव स्वास्थ्यलाई असर नगर्ने सुरक्षित धातु), कीटाणुरहित सफा र स्वास्थ्यका लागि उपयोगी अन्तरराष्ट्रियस्तरको स्टिलको टङ्कीमा धारा जडान गरिएको हो ।

चौबिसै घण्टा पानी पिउन मिल्नेगरी व्यवस्था गरिएको टङ्की निर्माण संयोजक शिरिष पन्तले बताउनुभयो । भरतपुर खानेपानी बोर्डद्वारा वितरीत पानीलाई टङ्कीमा जाने व्यवस्था गरिएको छ ।

## बिक्रेताले नाम टिप्न पनि मान्दैनथे, ग्यास पाउँदा खुसी छौँ : उपभोक्ता

काठमाडौँ । काठमाडौँ महानगरपालिका वडा नम्बर ३२ जडीबुटी बस्ने तारा तामाङले एलपिजी ग्यासको अभाव झेल्दै आइरहनुभएको थियो । उहाँले आफ्नो घरनजिकैको ग्यास बिक्रेताकहाँ पटकपटक नाम टिपाउन जाँदा पनि सिलिण्डर लिन सफल हुनुभएन ।

तर, शनिबार नेपाल आयल निगम र जिल्ला प्रशासन कार्यालय काठमाडौँको समन्वयमा विभिन्न कम्पनीले बबरमहल स्थित पुरानो जिपका परिसरमा ग्यास वितरण गरेको थाहा पाएपछि यहाँ पुग्नुभएकी उहाँले ग्यास पाउँदा राहतको महसुस गरेको बताउनुभयो । "ग्यासका लागि धेरै भौतारिँदै हिँडियो। जडीबुटी आसपासका ग्यास बिक्रेताले नाम टिप्नसमेत मान्दैनथे," उहाँले भन्नुभयो, "कम्तीमा यहाँ एक थान भरि सिलिन्डर पाउँदा पनि ठूलो राहतको महसुस भइरहेको छ ।"

उहाँ मात्रै होइन, आज बबरमहल मा केही समय लाइन बसेपछि ग्यास प्राप्त गरेका अनामनगरका रोजन मल्ल पनि खुसी देखिनुहुन्थ्यो । "सरकारले एकै ठाउँमा विभिन्न कम्पनीका ग्यास बिक्रीको व्यवस्था मिलाएपछि मजस्ता विद्यार्थीलाई धेरै सहज भएको छ," उहाँले भन्नुभयो, "अरू दिन कलेजमा अध्ययन गर्न जानुपर्ने हुन्थ्यो । शनिबार बिदाका दिन ग्यास वितरण हुँदा धेरै सहज भएको छ ।"

काठमाडौँ रातोपुलबाट बबरमहल ग्यास लिन आउनुभएकी बिनिता त्रिपाठीले एक सातादेखि अभाव झेले पनि अहिले भरि सिलिन्डर प्राप्त गरेपछि केही समयका लागि राहत महसुस भएको प्रतिक्रिया दिनुभयो । "ग्यासका लागि धेरै ठाउँमा भौतारिनुपरेको थियो । एकै ठाउँमा धेरै कम्पनीका सिलिन्डर पाउँदा खुसी भएका छौँ," उहाँले भन्नुभयो, "सरकारले अब आ-आफ्नै नजिकको बिक्रेताबाट ग्यास उपलब्ध गराउने वातावरण मिलाइदिए झनै सहज हुने थियो ।" पुरानो जिल्ला प्रशासन कार्यालयको परिसर बबरमहलबाट आज नेपाल, एचपी, एभरेस्ट/सुगम, श्रीराम, सगर, हिमाल, एसटीसी, लोकप्रिय र सूर्य ग्यास वितरण भइरहेका छन् । नेपाल आयल निगमका उपप्रबन्धक रविलाल घिमिरेले बबरमहलस्थित पुरानो जिपका परिसरमा ग्यास लिनका लागि सर्व साधारणको घुइँचो लागेको बताउनुभयो ।

"हामीले शनिबार बिहान १०:०० बजेपछि नियमित रूपले विभिन्न कम्पनीका ग्यास वितरण गरिरहेका छौँ," निगमका उपप्रबन्धक घिमिरेले भन्नुभयो, "भरि सिलिन्डर लिन आउने सर्वसाधारणको घुइँचो लागेको छ । सुरक्षाकर्मीसँग समन्वय गरेर ग्यास वितरणलाई सहजीकरण गर्दै आइरहेका छौँ ।" नेपाल आयल निगमका प्रबन्ध निर्देशक नागेन्द्र साहले आज काठमाडौँ उपत्यकाका पाँच स्थानबाट ग्यास वितरण भइरहेको जानकारी दिनुभयो । "हामीले पाँच ठाउँबाट सर्वसाधारणलाई सहज ढङ्गबाट ग्यास उपलब्ध गराउने प्रयास गरिरहेका छौँ," उहाँले भन्नुभयो, "तोकिएको स्थानमा आउने सर्वसाधारणलाई सकभर रित्तो हात नफर्काउने गरी भरि सिलिन्डर उपलब्ध गराउन ग्यास उद्योगीहरूसँग समन्वय भइरहेको छ ।"

नेपाल आयल निगम र जिल्ला प्रशासन कार्यालयले आज टेकुको निगम परिसरबाट नेपाल, एचपी, एभरेस्ट/सुगम, श्रीराम, सगर, सिद्धार्थ, हिमाल कम्पनीका ग्यास बिक्री-वितरण गरिरहेको छ । त्यसैगरी यातायात कार्यालय परिसर चावहिलबाट नेपाल र एचपी; कीर्तिपुर राधास्वामी परिसरबाट नेपाल, एचपी, एभरेस्ट/सुगम, श्रीमाया, श्रीकृष्ण, साइबाबा र ओम तथा बसुन्धरा राधास्वामी परिसरबाट नेपाल, एचपी, एभरेस्ट/सुगम, भानु र ओम कम्पनीका ग्यास वितरण भइरहेको निगमले जनाएको छ ।

## सरकार र शैक्षिक परामर्श व्यवसायीबीचको वार्ता चाँडै निष्कर्षमा पुग्ने विश्वास

काठमाडौँ । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद गणेश पौडेलले सरकार र शैक्षिक परामर्श व्यवसायीबीचको वार्ता चाँडै निष्कर्षमा पुग्ने विश्वास व्यक्त गर्नुभएको छ ।

नेपाल शैक्षिक परामर्श सेवा सङ्घ (नेक्सा) को दोस्रो वार्षिक दिवसका अवसरमा शनिबार आयोजित कार्यक्रममा प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको शिक्षा क्षेत्रका संयोजक पौडेलले 'शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली, २०८३' विगत सरकारकै मस्यौदाका आधारमा ल्याइएको जनाउनुभयो । उहाँले यो नियमावली ल्याउनुपर्ने आवश्यकता भएरै ल्याइए पनि कार्यान्वयनका सवालमा सरोकार भएका पक्षसँगको वार्तालाई सरकारले प्राथमिकता मा राख्नुपर्नेमा जोड दिनुभयो । उहाँले सरकार शैक्षिक परामर्श क्षेत्रका व्यवसायी र विद्यार्थीको हितमा रहने स्पष्ट गर्दै विदेशमा गएर आर्जन हुने सीप, अनुभव र पुँजीलाई स्वदेशको विकासका प्रयोग गरिनुपर्ने बताउनुभयो । नेक्साका अध्यक्ष सन्तोष खनालले शिक्षा तथा खेलकुद मन्त्रालयसँग आफूहरूको पहिलो चरणको वार्ता भएको र दोस्रो चरणको वार्ताका लागि विषयवस्तुको तयारी भइरहेको बताउनुभयो । उहाँले नियमावलीमा व्यवस्था गरिएको रु २५ लाख धरौटी, 'कन्सल्टेन्सी'का कार्यालय पूर्वाधारका शर्तहरु, विदेशमा पढ्न जाने विद्यार्थीको दायित्वका विषयमा सरकारले पुनः विचार गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा डा जीवन खनाल, डा निरञ्जन कोइराला, डा विनय तामाङलगायतलाई सम्मान गरिएको थियो । उहाँहरूले ७० वर्षअघि युद्ध र गरिबीको चपेटामा परेको दक्षिण कोरियाली जनताले कडा मेहनतका साथ आफूलाई अहिले विकसित र सम्पन्न मुलुकका रुपान्तरण गरेको विषय नेपालका लागि गतिलो पाठ हुने बताउनुभयो । नेक्साका महासचिव गणेश बेल्वासेले 'सिक, कमाउ र फर्क' भन्ने अभियानका साथ आफूहरूले जिम्मेवारीपूर्वक शैक्षिक परामर्श सेवा सञ्चालन गरिरहेको र यसबारे आफ्नो दोस्रो वार्षिक साधारणसभामा समीक्षा हुने जानकारी दिनुभयो ।

## काताबाट पदकको सम्भावना बलियो बनाउँदै नेपाल

काठमाडौँ । आगामी २०औँ एसियाली खेलकुदमा करातेको काता विधाबाट पनि नेपालले पदकको आशा गरेको छ ।

जापानको आइची-नागोयामा आगामी असोज ३ गतेदेखि हुने एसियाली खेलकुदमा नेपालले महिला एकल र महिला टिम कातामा प्रतिस्पर्धा गर्दैछ ।

नेपाल कराते महासङ्घका अनुसार महिला एकल कातामा सानुमाया थिङ तथा टिम कातामा सानुमायासँगै मेघा लिम्बू र एलिसा रास्कोटी मगरले प्रतिस्पर्धा गर्नेछन् । काता प्रशिक्षक मण्डेकाजी श्रेष्ठको प्रशिक्षणमा टोलीले तयारी गरिरहेको छ । नेपालले पहिलोपटक महिला टिम कातामा एसियाली खेलकुदमा प्रतिस्पर्धा गर्न लागेको हो ।

राष्ट्रिय खेलकुद परिषद्का अनुसार 'मिसन २०२६' अन्तर्गत एसियाली खेलकुदलाई लक्षित गरी लामो समयदेखि बन्द प्रशिक्षण सञ्चालन हुँदै आएको छ । परिषद् र नेपाल ओलम्पिक कमिटीले एसियाली खेलकुदका लागि नेपाली टोलीको अन्तिम तयारी र व्यवस्थापनमा सहकार्य गरिरहेका छन् ।

## नेपाल टेलिकमको खुद मुनाफा ४७.५८ प्रतिशतले बढ्यो

काठमाडौँ । नेपाल टेलिकमले गत आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासिकसम्म रु आठ अर्ब ८६ करोड ४६ लाख खुद मुनाफा कमाएको छ । कम्पनीले सार्वजनिक गरेको अपरिस्कृत वित्तीय विवरणअनुसार अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा खुद मुनाफा ४७ दशमलव ५८ प्रतिशतले बढेको हो ।

आव २०८१/८२ को चौथो त्रैमासिकसम्म कम्पनीको खुद मुनाफा रु छ अर्ब ६७ लाख थियो । एक वर्षको अवधिमा कम्पनीको खुद मुनाफामा रु दुई अर्ब ८५ करोड ७९ लाखले वृद्धि भएको हो । कम्पनीका अनुसार समीक्षा अवधिमा करअघिको मुनाफा पनि उल्लेख्य बढेको छ । गत आवको चौथो त्रैमासिकसम्म करअघिको मुनाफा रु १३ अर्ब २६ करोड ४७ लाख पुगेकामा अघिल्लो आवको सोही अवधिमा यस्तो मुनाफा रु नौ अर्ब ८५ करोड दुई लाख थियो । यस आधारमा करअघिको मुनाफा ३४ दशमलव ६६ प्रतिशतले बढेको हो ।

त्यस्तै, कम्पनीको ब्याज, कर, ह्रासकट्टी तथा अमोर्टाइजेसनअघिको आम्दानी रु २० अर्ब ४८ करोड एक लाख पुगेको छ भने अघिल्लो आवको सोही अवधिमा रु १८ अर्ब ४९ करोड ६० लाख आम्दानी भएको थियो । तुलनात्मक रूपमा यो १० दशमलव ७३ प्रतिशतले बढेको कम्पनीले जनाएको छ ।

नेपाल टेलिकमको कुल सञ्चालन आय समीक्षा अवधिमा रु ३४ अर्ब ९५ करोड चार लाख पुगेको छ । अघिल्लो आवको चौथो त्रैमासिकसम्म यस्तो आय रु ३३ अर्ब ८९ करोड ४५ लाख थियो । अघिल्लो वर्षको तुलनामा गत आवमा सञ्चालन आय रु एक अर्ब पाँच करोड ५९ लाख अर्थात् तीन दशमलव १२ प्रतिशतले बढेको हो ।

कम्पनीको कुल आयसमेत बढेको छ । समीक्षा अवधिमा कुल आय रु ३९ अर्ब १९ करोड ९६ लाख पुगेको छ । अघिल्लो आवको सोही अवधिमा कुल आय रु ३८ अर्ब १८ करोड ८१ लाख थियो । यसअनुसार कुल आय रु एक अर्ब एक करोड १५ लाख अर्थात् दुई दशमलव ६५ प्रतिशतले वृद्धि भएको हो ।

कम्पनीका अनुसार समीक्षा अवधिमा ब्याजदर क्रमिक रूपमा घट्दा ब्याज आम्दानीमा भने कमी आएको छ । अघिल्लो आवको चौथो त्रैमासिकसम्मको तुलनामा गत आवको सोही अवधिमा ब्याज आम्दानी करिब रु ८६ करोड १९ लाख अर्थात् २२ दशमलव ८८ प्रतिशतले घटेको छ ।

## पन्ध्र जनामा औंलो रोगको सङ्क्रमण

चितवन । गत आर्थिक वर्षमा जिल्लाका विभिन्न अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये १५ जनामा औंलो (मलेरिया)को समस्या देखिएको छ । तीन हजार ४१५ जनाको परिक्षणका क्रममा सो सङ्ख्यामा सङ्क्रमित भेटिएको हो । रोग लाग्दा ज्वरो आइरहने वा दिन बिराएर ज्वरो आउने, टाउको बेस्सरी दुख्ने, बान्ता हुने, जाडो हुने, कम्पन छुट्ने, पसिना आएर ज्वरो घट्ने लक्षण देखिने गरेको छ । आर्थिक वर्ष २०८१/०८२ मा आठ हजार ४०५ जनाको नमूना परिक्षण गर्दा ११ जनामा औंलो रोग देखिएको थियो । यस्तै आर्थिक वर्ष २०८०/०८१ मा आठ हजार ८६० जनाको परीक्षण गर्दा १० जनामा सङ्क्रमण देखिएको केसीले जानकारी दिनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयः नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com, website: epratyush.com